५३६- ५४८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४०४/२०७२/०७३

निर्णय नं. ५४८

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ....................................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तु, तौलिहवा.............................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तु, तौलिहवा.............................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तु, तौलिहवा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको ।तत् पश्चात आयोगको मिति २०७२।०६।२७ को आदेश बमोजिम जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तु, तौलिहवालाई मिति २०७२।०६।२८ च.नं. २७९ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तु, तौलिहवाको मिति २०७२।०८।०४, च.नं. ५४५, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनराबेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी बोधार्थ मार्फत यस आयोगलाई समेत जानकारी गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बास्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०६ गते रोज ४ शुभम् ।